**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 29.03.2025**

- **CM Cooperative Department**

सिक्किम राज्यमा सहकारी संस्थाहरूको प्रवर्द्धन र विकास सम्बन्धी राज्यस्तरीय सम्मेलन आज आसाम लिङजेस्थित सिकन कार्यलयको सम्मेलन कक्षमा सम्पन्न भयो। राष्ट्रिय सहकारी संघ, सिक्किम राज्य सहकारी संघ र सहकारिता विभागको सहयोगमा आयोजित सम्मेलनमा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथि हुनुहुन्थ्यो।

मुख्यमन्त्री श्री तामाङले वर्तमानमा सहकारिता क्षेत्रको महत्त्वबारे प्रकाश पार्दै सिक्किममा विविध उत्पादहरूलाई प्रोत्साहन गर्दै सरकारले गरेका अनेकौं पहलहरूको जानकारी गराउनुभयो। केन्द्रीय सहकारिता मन्त्रालयको मार्गनिर्देशनमा सिक्किम सहकारिता विभागले गरेका जनमुखी पहलहरूको उल्लेख गर्दै उहाँले भन्नुभयो, सिक्किम राज्य स्थापनाको पच्चास वर्षको अवसरमा राज्यले वर्षभरि विविध कार्यक्रम आयोजना गरिरहेछ। मुख्यमन्त्रीले राज्यको विकासका निम्ति सहकारी आन्दोलनलाई अझ तीव्र बनाएर लैजान आह्वान गर्नुभयो। श्री तामाङले सहकारिता विभागमा धन आवण्टन गरी प्रोत्साहन राशी उपलब्ध गराउने साथै अबउसो स्वतन्त्रता दिवसको अवसरमा प्रत्येक वर्ष उत्कृष्ट सहकारी संस्थालाई दश लाख, दोश्रोलाई सात र तेश्रो हुनेलाई पाँच लाख रुपियाँ प्रदान गर्ने घोषणा गर्नुभयो।

यसअघि उहाँले सिकनको E-कर्मस पोर्टलको लोकार्पण गर्नुभयो।

आफ्नो सम्बोधनमा सहकारी विभाग मन्त्री अरुण उप्रेतीले राष्ट्रिय सहकारी संस्थाको योगदानको उल्लेख गर्दै सिक्किम सहकारिता विभागको गतिविधि र पहलहरूबारे प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

- **Trekking Expedition**

गेजिङका जिल्ला अध्यक्ष DS लिम्बूले आज विभिन्न महाविद्यालयबाट पर्यटन विषयमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई योकसमबाट विश्व सम्पदा स्थल कान्चनजङ्घा राष्ट्रिय निकुञ्ज (KNP)-भित्र पर्ने जोङ्ग्रीका निम्ति पाँचदिने पदयात्रा अभियानमा प्रस्थान गराउनुभयो।

अवगत गराइन्छ, सिक्किम सरकारको पर्यटन एवं नागरिक उड्डयन विभागद्वारा Trekking, Nature Hikes, Rock Climbing आदि जस्ता विभिन्न गतिविधि सम्पन्न गरेर विद्यार्थीहरूका निम्ति क्षेत्रीय अवलोकन तथा व्यावहारिक प्रशिक्षण कार्यक्रम आयोजना गरिँदैछ।

कार्यक्रमको आयोजना पर्यटन एवं नागरिक उड्डयन विभागको साहसिक प्रकोष्ठले नाम्ची जिल्लाको चेमचेस्थित भारतीय हिमाली साहसिक तथा पारिस्थितिक पर्यटन केन्द्र-सितको सहकार्य अनि योकसम पर्यटन विकास समितिको सहयोगमा गरिरहेछ। कार्यक्रमको पहिलो चरणको यस अभियानका निम्ति विभिन्न सरकारी महाविद्यालयका पचासजना विद्यार्थीहरू सहभागी बने। जिल्ला अध्यक्ष श्री लिम्बूले पर्यटन विषयका विद्यार्थीहरूलाई व्यवहारिक प्रशिक्षण प्रदान गर्नमा रहेको अभियानको महत्त्वमाथि प्रकाश पार्दै यस पहलका निम्ति विभागको प्रशंसा गर्नुभयो। कार्यक्रमको दोस्रो चरणमा विभिन्न सरकारी महाविद्यालयका अन्य पचासजना विद्यार्थीहरू जोङ्ग्री trek-का निम्ती तीस मार्चमा प्रस्थान हुनेछन्। यसैगरी तेस्रो चरणमा विद्यालयका विद्यार्थीहरू सोरेङ-बर्से Trekking-मा सहभागि बन्नेछन्। चौथो चरणमा भने गान्तोक वरपरका बीसवटा सरकारी विद्यालयका तीन सयभन्दा अधिक विद्यार्थीहरूलाई rock climbing प्रशिक्षण गराइनेछ। यस पहलको शुरूवात हालै पर्यटन एवं नागरिक उड्डयन मन्त्री छिरिङ T भोटियाले गर्नुभएको हो, जसअन्तर्गत यस पहललाई सिक्किम सरकारद्वारा विद्यार्थीहरूका लागि साहसिक पर्यटनका अवसरहरू विस्तार गर्ने व्यापक प्रयासको एउटा भागका रूपमा अघि बढाइएको छ।

---------------------------------------X---------------------------------------

- **PM-Mann Ki Baat**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोली बिहान एघार बजी आकाशवाणीमा मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको एक सय बीसौं प्रकरण हुनेछ।

---------------------------------------X---------------------------------------

- **Convocation of SU**

मेधावी कौशल विश्वविद्यालय, सिक्किमको पहिलो दीक्षान्त समारोह आज चिन्तन भवनमा सम्पन्न भयो। यस अवसरमा स्नातक तहको शिक्षा पूरा गर्ने विभिन्न विषयका विद्यार्थीहरूलाई डिग्री प्रमाणपत्रसहित पदक प्रदान गरियो। यी मध्ये तीनजनाले स्वर्ण पदकसहित एक सय बाह्जना विद्यार्थीले पदक र प्रमाणपत्र प्राप्त गरे। शिक्षा मन्त्री राजु बस्नेतको मुख्य आतिथ्यमा सम्पन्न समारोहमा सिक्किम सरकारका Emeritus मुख्य आर्थिक सल्लाहकार प्राध्यापक महेन्द्र P लामा उपस्थित हुनुहुन्थ्यो। मुख्य अतिथि श्री बस्नेतले डिग्री प्राप्त गर्ने विद्यार्थीहरूसित समर्पण र इमान्दारिताका साथ समाजको प्रगतिमा योगदान पुर्‍याउने आग्रह गर्नुभयो। सिक्किमको रूपान्तरणको बारेमा कुरा गर्दै उहाँले भन्नुभयो, वर्तमान सरकारले सिक्किमलाई शिक्षा र ज्ञानको केन्द्र बनाउन प्रयास गर्दै विश्वविद्यालयहरूको स्थापनालाई प्राथमिकता दिइरहेछ।

---------------------------------------X---------------------------------------

- **NCORD Meeting**

पाकिमको जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा आज जिल्ला स्तरीय नारको समन्वय केन्द्र तथा नशामुक्त भारत अभियानको मासिक बैठक बस्यो। अतिरिक्त जिल्लाधीश साङ्गे ग्याछो भोटियाको अध्यक्षतामा बसेको बैठकमा अघिल्ला सत्रहरूबाट प्राप्त निर्देशनहरूको प्रगतिको समीक्षा गरियो, जसमा गाँजा बाली नष्ट गर्ने संयुक्त अभियान, शैक्षिक संस्थानहरूको छेउमा सुर्ती र मदिरा बिक्री नियन्त्रण सम्बन्धी सर्वेक्षण तथा अन्य पहलहरू समावेश छन्। बैठकमा नशालु पदार्थको चुनौतीबारे सम्बोधन गर्नमा रहने चालक दवाई दोकान मालिक र गैर सरकारी संगठनसहित समुदायिक सहभागिताको महत्त्वमाथि जोड़ दिइयो।

--------------------------------------X--------------------------------------

- **Weather**

राज्यमा विस्तारै तापमानमा वृद्धिसितै गर्मी बढ्न थालेको छ। स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार राज्यमा भोली आकाशमा हल्का बादल छाउनका साथै फाटफुट वर्षा हुने अनि चट्याङ हान्ने अनुमान छ। बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान पन्द्र डिग्री सेल्सियस र अधिकतम बीस दशमलौ नौं डिग्री सेल्सियस रेकार्ड गरियो। भोली अधिकतम तापमान उन्नाइस र न्यूनतम चौध डिग्री सेल्सियल रहनेछ।

--------------------------------------X--------------------------------------